सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १०२ ♦ २०८० साल पुस १२ गते विहिवार ♦ 28 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेस प्रदेशको अर्थ मन्त्रालयले गरे गैरकानुनी रूपमा रकमान्तर

**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, महेन्द्रनगर**

आर्थिक वर्ष २०७९/८० मा मधेस प्रदेशको अर्थ मन्त्रालयले गैरकानुनी रूपमा रकमान्तर गरी कानुनविपरीत योजना बनाएर वितरण गरेको प्रकरणमा अनुसन्धान सुरू गरेको मधेस प्रदेशको जनलोकपाल आयोगलाई मन्त्रालयले कागजात उपलब्ध गराउन अस्वीकार गरेको छ।

प्रदेशसभासँगै जनमानसमा समेत रकमान्तरमा भ्रष्टाचार भएको भनी व्यापक गुनासो आएपछि आयोगले आर्थिक मसान्तको अन्तमा रकमान्तरको आधार, प्रक्रिया, रकम, योजनालगायत विषयमा अनुसन्धानका लागि दुई पटक पत्र पठाइसकेको छ।




तर अर्थ मन्त्रालयले त्यसको जवाफै नपठाइ बेवास्ता गरेको छ।

मधेस प्रदेश सरकारले 'प्रदेशको सार्वजनिक मामिलालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउँदै प्रदेशबाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्न' प्रदेश जनलोकपाल ऐन, २०७७ अनुसार जनलोकपाल आयोग गठन गरेको हो।

तर प्रदेश सरकारले सुशासन कायम गर्न गठन गरेको आयोगलाइ यसरी बेवास्ता गर्नु दुखद रहेको आयोगका सदस्य राजकिशोर साहले बताए।

अर्थ विविध' शीर्षकमा राखिएको ३ अर्ब ३४ करोड २३ लाख ८ हजार ३४१ रुपैयाँ गैरकानुनी तरिकाबाट रकमान्तर गरेर टुक्रे योजना बनाइ वितरण गरेका अर्थमन्त्री सञ्जय यादवले उल्टै आफूलाई किन पत्र लेखेको भन्दै प्रश्न गरेको आयोगका सदस्य साहले बताए।

'त्यत्रो भ्रष्टाचार हुँदा पनि जनलोकपालले के हेरेर बसेको छ भनेर प्रदेशसभामै मानीयहरूले प्रश्न उठाउनुभयो। पत्रपत्रिकामा पनि समाचार आयो त्यसपछि हामीले रकमान्तर सम्बन्धी फाइलको नक्कल पठाउन अर्थमन्त्रालयलाई पत्राचार गरेका थियौ तर कुनै रिस्पोन्सनै गरेन्,' आयोगका सदस्य साहले भने, 'अर्थमन्त्रालयमा म जाँदा उल्टै अर्थमन्त्रीज्यूले किन हामीलाई पत्र पठाउनुभयो, कसले अधिकार दियो पत्र पठाउने तपाईंहरूलाई भनेर प्रश्न उठाउनुभयो। कसले उजुरी गर्यो नाम सोध्नुभयो। मैले पत्रपत्रिका, सदन र मौखिक रुपमा आएको गुनासो पनि उजुरीको रुपमा लिन सकिन्छ भनेर भनेर फर्के।' उनले सुशासनका लागि आयोग

*बाँकी पृष्ठ २ मा*

## गौशलामा एक महिला बलात्कारको सिकार

**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, बर्दिवास**

गौशलामा एक महिला बलात्कारको सिकार भएकी छिन् ।

गौशाला नगरपालिका वडा न. १ रामनगर बस्ने एक ४० वर्षीया महिला माथि बलात्कार भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय गौशालाको अनुसार शनिवार घास काट्न जंगल गएको बेला मोका छोपी जंगलमा ४० वर्षीय विरेन्द्र यादवले बलात्कार गरेको हो ।

पिडित महिलाले गौशाला इलाका प्रहरीमा उजुरी गरेकी छिन् । पीडित स्वास्थ्य परिक्षण गरिएको छ।

पीडितले दिएको उजुरीको आधारमा आरोपीको खोजतलास जारी रहेको छ ।

घटनापश्चात आरोपि फरा रहेको हुँदा उनको खोजविन जारी रहेको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज कुमार यादवले जानकारी दिए ।

## आन्दोलनका मुद्दाहरू फिर्ता लिन जनमतको दबाब

**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, बर्दिवास**

जनमत पार्टीले स्वराज आन्दोलन, मधेश आन्दोलन र किसान आन्दोलनलगायतका आन्दोलनमा लगाइएका मुद्दाहरु फिर्ता लिन नेपाल सरकारलाई दबाब दिएको छ।

बुधबार काठमाडौंस्थित जनमत पार्टी कार्यालयमा आन्दोलनकारीहरुको बैठक पश्चात गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई मुद्दाहरु फिर्ता लिन दबाब स्वरुप ज्ञापनपत्र बुझाएको छ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सीके राउतले मधेशी-थारु एवं सीमान्तकृतहरुको आन्दोलनमा लागेका आन्दोलनकारीहरुको मुद्दाहरु फिर्ता गराउने जिम्मेवारी जनमत पार्टीको काँधमा आएको बताए।

गृहमन्त्री श्रेष्ठलाई तत्काल आन्दोलनकारीहरुमाथिको धर पकड रोक्न र कानुन संशोधन प्रक्रिया अगाडि बढाएर मुद्दाहरु फिर्ता लिन अध्यक्ष डा.राउतले आग्रहसमेत गरे ।

आन्दोलनकारी तथा शहीद परिवारको तर्फबाट मुद्दा फिर्ता लिन, धरपकड नगर्न, शहीद परिवार तथा घाइतेहरूलाई राज्यबाट सहयोग उपलब्ध गराउनेसहितका मागहरूको विषयमा गृहमन्त्री श्रेष्ठसंग छलफल भएको पार्टीका राष्ट्रिय सचिव बीपी साहले जानकारी दिए।



जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष ई.दीपक कुमार साह,पार्टी राष्ट्रिय सचिव बीपी साह, स्वराज आन्दोलनका सहीद राम मनोहर यादवको भाई बिष्णु यादव, स्वराज आन्दोलनका अगुवा आन्दोलनकारी रामशंकर महाशेठ, संजय यादव, किसान आन्दोलनका आन्दोलनकारी धनिकलाल मण्डल लगायतको उपस्थितिमा गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# मधेस प्रदेशको अर्थ मन्त्रालयले .......

गठन गरेको सरकारले नै यसरी अटेरी गर्नु दुःखद रहेको बताउँदै काम गर्न नदिने भए आयोगै खारेज गरिदिए हुने बताए।

उनका अनुसार यसअघि मुख्यमन्त्री कार्यालयले कर्मचारी सरूवामा भ्रष्टाचार भएको उजुरी परेपछि कार्यालयलाई फाइल पठाइदिन पत्राचार गरिएको थियो। तर मुख्यमन्त्री कार्यालयले समेत आयोगको पत्रलाई बेवास्ता गरेको साहको भनाई छ।

जनलोकपाल आयोगकी अर्की सदस्य शोभा महतोले त्यसअघि भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले समेत आयोगले पठाएको पत्रको जवाफ नदिएको गुनासो पोखिन्।

प्रदेश सरकारले काम गर्न नियमावली र कर्मचारी उपलब्ध नगराउँदा आफूहरूले काम गर्न नसकेको उनको आरोप छ।

आयोगलाई मन्त्रालयहरुले नटेर्दा कारबाही प्रक्रियामा किन नगएको विषयमा आयोगका अध्यक्ष रामसहाय यादव भने बोल्न मानेनन्।

आर्थिक वर्षको अन्तिमतिर बजेट कार्यक्रमको 'अर्थ विविध' शीर्षकमा राखिएको ३ अर्ब ३४ करोड २३ लाख ८ हजार ३४१ रुपैयाँ अर्थ मन्त्रालयले कानुन मिचेर विभिन्न मन्त्रालय तथा स्थानीय तहमा पठाएको थियो। अर्थमन्त्री यादवले आर्थिक मसान्तको अन्तमा अर्थ विविध शीर्षकको रकम कानुन, नियम र कार्यविधि मिचेर टुक्रे योजना बनाई वितरण गरेका थिए।

सुरूमा बजेट विनियोजन हुँदा प्रदेश सरकारले 'अर्थ विविध' शीर्षकमा कुल बजेटको ११ दशमलव ८१ प्रतिशत अर्थात् ५ अर्ब ५३ करोड ५७ लाख ४३ हजार रुपैयाँ छुट्याएको थियो। पछि अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयको बजेट रकमान्तर गरी विनियोजित रकममा चालुतर्फ ६९ करोड ७८ लाख ५ हजार रुपैयाँ र पुंजीगततर्फ ८५ करोड ९६ साख ९० हजार रुपैयाँ थप गरी 'अर्थविविध' शीर्षकमा ७ अर्ब ९ करोड ३२ लाख ३८ हजार रुपैयाँ पुर्‍याएको थियो।

अर्थ मन्त्रालयले तत्कालीन उद्योग तथा पर्यटनमन्त्री सुनिता यादवका स्वकीय सचिवले हस्ताक्षर गरेको पत्रको आधार मै अर्थ मन्त्रालयले ४२ करोड ६० लाख १० हजार रुपैयाँ रकमान्तर गरिदिएको पाइएको छ।

सो रकम प्रदेश सरकारको कार्य विभाजन नियमावलीविपरीत हुने गरी मठ मन्दिर, सामुदायिक भवन, प्रवेशद्वार, कम्पाउन्ड वाल निर्माण कार्यको योजनाहरू भू तथा जलाधार व्यवस्थापन कार्यालय सिरहा, लहान र रौतहटलाई पठाइएको थियो।

पर्यटन मन्त्रालयबाट रकमान्त गरिएको करिब ८ करोड रुपैयाँ उक्त असम्बन्धित कार्यालयमा पठाइएको थियो।

मन्त्रालयहरुबाट योजना र बजेटको प्रस्ताव आउनुअघि नै अर्थ मन्त्रालयले बजेट रकमान्तर गरिदिएको पाइएको हो।

रकमान्तरका लागि भौतिक, पूर्वाधार विकास मन्त्रालय र शिक्षा तथा समाज कल्याण मन्त्रालयले पत्र पठाउनुअघि नै अर्थ मन्त्रालयले रकमान्तर गर्ने निर्णय गरेको पनि भेटिएको छ ।

भौतिक पूर्वाधार मन्त्रालयले रकमान्तरका लागि चलानी नम्बर १६७० र १६७१ को पत्र २०८० असार १८ गते अर्थ मन्त्रालयलाई पठाएको थियो। मन्त्रालयले पत्र आउनुअघि असार १२ गतेकै मितिमा रकमान्तरको निर्णय गरेको थियो। शिक्षा तथा समाज कल्याण मन्त्रालयले समेत असार ५ गते रकमान्तर माग्दै अर्थ मन्त्रालाई पत्र लेखेको थियो।

पत्र दर्ता समेत नगरी प्रशासकीय कार्यविधि मिचेर अर्थ मन्त्रालयले रकमान्तर गर्ने निर्णय गरेको पाइएको छ।

# रक्तदान सम्बन्धित उत्प्रेरणा अभियान



**खबर दर्पण समाचारदाता**
**पुस ११ गते, महेन्द्रनगर**

ब्लड डोनर्ससोसाइटी नेपालको मेची-महाकाली रक्तदान सम्बन्धित उत्प्रेरणा अभियान अन्तर्गत आज ५ औ दिन धनुषा मा Blood For Need – आवश्यकतामा रगत धनुषा को आयोजना रा.रा.ब क्याम्पस जनकपुरधाम मा र राजर्षि जनक क्याम्पस जनकपुरधाम मारु स-सचेना मुलक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रम को आयोजना ब्लड फर निड धनुषा आवश्यकता मा रगत धनुषा ले गरेको थियो भने सह आयोजनामा मा ब्लड डोनर सोसाइटी नेपाल ले गरेको थियो।

कार्यक्रम मा ब्लड फर निडरु धनुषा को संयोजक बलराम प्रसाद गुप्ता,अस्थायी सचिव रवि कुमार मण्डल, सदस्य अजय झा, सरोज प्रसाद साह, श्याम साह का उपस्थित थिए, त्यसैगरी ब्लड डोनर्स सोसाइटी नेपाल कारु केन्द्रीय अध्यक्ष अर्जुन अधिकारी, महासचिव अन्जन दवाडी , केन्द्रीय सदस्य अन्जन तिवारी,सदस्य कृष्णा शर्मा,सलाहकार बाल चन्द्र पोखरेल उपस्थित थियो।

उक्त स-सचेना मुलक कार्यक्रम मा रा रा ब क्याम्पस मा २००रु भन्दा बढी विधार्थीहरुकोरु सहभागी रहेको थियो भने राजर्षि जनक क्याम्पस मारु १६७ जना विद्यार्थीहरु सहभागी रहेका थिए। रगत,रु रक्तदान र रक्तदान किन गर्ने रक्तदान गर्दा हुने फाइदा हरुको बारेमा चर्चा गरियो।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**भंगहा नगरपालिका महोत्तरी**


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**वृष-** मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन-** आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट -** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**सिंह** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**कन्या -** समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु -** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ**-अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**मीन** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरमा नगर प्रहरीद्वारा व्यवसायीमाथि कुटपिट



**खबर दर्पण समाचारदाता**
**पुस ११ गते, महेन्द्रनगर**

जनकपुरधामा नगरप्रहरीले फुटपाथ खाली गराउे क्रममा व्यवासायीहरुमाथि कुटपिट गरेका छन् ।

जनपुरधामको शकरबारी बजार स्थित फुटपाथ खाली गराउन दिउँसो १:३० बजे गाडीसहित पुगेका नगरप्रहरीले पसल अघि बसिरहेका व्यवसायीमाथि कुटपिट गरेका हुन् ।

स्थानीय व्यवसायी देवनारायण शर्मा, निरज ठाकुर र देवनारायण शर्मालाई कुटपिट गरेको उनीहरुले बताएका हुन् । आक्रोशित स्थानीयले प्रतिवाद गर्न खोजेपछि नगरप्रहरी भागेका थिए ।

गुण्डा शैलीमा कुटपिट गरेके भन्दै स्थानीय व्यवसायीहरुले कारबाहीको माग गर्दै केहीबेर सडक अवरुद्ध गरेका थिए ।

# बाराका प्रिन्सीपल शर्राफको हत्या प्रकरण : प्रहरीले गोली दागेर समाते सुटरलाई



**खबर दर्पण समाचारदाता**
**पुस ११ गते, बारा**

बाराको कलैयामा रहेको बालएकता बोर्डिङ स्कुलका प्रिन्सीपल रूपेश शर्राफको हत्याका सुटर मानिएका एक भारतीयलाई प्रहरीले गोली दागेर पक्राउ गरेको छ ।

सुटर मानिएका भारत मोतीहारिका ३२ वर्षीय सुजित सिंहलाई प्रहरीले बाराको विश्रामपुर गाउँपालिका ३ बाट गए राति गोली दागेर पक्राउ गरेको हो । भाग्न खोजेका उनलाई खुट्टामा गोली दागेर पक्राउ गरेको बाराका प्रहरी प्रवक्ता डिएसपी दधीराम न्यौपानेले जानकारी दिए ।

गोली लागेर घाइते सिंहको प्रादेशिक अस्पताल कलैयामा उपचार भइरहेको छ । सिंह चार जनाको समूहमा नेपाल छिरेको गोप्य सूचनाको आधारमा प्रहरीले पछ्याएको थियो । अन्य तीनजना भने फरार भएका छन् । उनीहरुको खोजतलास जारी रहेको डिएसपी न्यौपानेले बताए ।

प्रिन्सीपल शर्राफको गत १३ कात्तिकमा स्कुल नजिकै मदर सा टोलमा टाउको र छातीमा गोली हानेर हत्या भएको थियो । हत्यामा संलग्न भएको आरोपमा प्रहरीले पाँचजनालाई घटनाको तीनदिनपछि पक्राउ गरेर सार्वजनिक गरेको थियो ।


## महिला हिंसा रोकौं:असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

**सोनमा गाउँपालिका महोत्तरी**

## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**सम्सी गाउँपालिका महोत्तरी**


## बर्दिवास नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**बर्दिवास, महोत्तरी**

**मधेस प्रदेश नं.,नेपाल**

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मिति : २०८०।०९।१२ गते)

यस कार्यालयको मिति २०८०/०८/१४ गतेमा प्रकाशित स्वास्थ्य संस्थाहरुको लागी निशुल्क औषधि तथा सर्जिकल सामग्रि खरिद सम्बन्धि शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्रहरु मध्ये तपशिलमा उल्लेख भएको दरभाउ पत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावकारी भई स्वीकृतीका लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा -२) प्रयोजनका लागी शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स | बोलपत्र/ठेक्का नं. | कामको विवरण | छनौट भएको दरभाउपत्रदाताको नाम |
|---|---|---|---|
| १ | BM/NCB/Goods/SQ/080/81/02 | निशुल्क औषधी तथा सर्जिकल सामान खरिद कार्य | श्री बर्दिबास सर्जिकल प्रा .लि. बर्दिबास १ महोत्तरी |

प्रमुख प्रशासकीय अधिकृत

# ढल्केबरमा डिडिसीको दुग्ध डेरीबाट निस्कने प्रदूषित पानीका कारण स्थानीयवासी आजित

**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, ढल्केवर**



धनुषाको ढल्केबरमा डिडिसीको दुग्ध डेरीबाट निस्कने प्रदूषित पानीका कारण स्थानीयवासी आजित भएका छन् । डेरीले प्रदूषित पानीको उचित व्यवस्थापन नगर्दा स्थानीय आजित भएका हुन् ।

करिब दश वर्ष अघिदेखि सञ्चालनमा रहेको डेरीबाट निस्कने फोहोर पानीलाई प्रशोधन नै नगरी सिधै सुखजोर खोलामा छोड्ने गरेको छ । प्रदूषित पानी खोलामा मिसाउँदा खोला दूषित हुनुका साथै खोला वरिपरिका बस्तीमा दुर्गन्ध फैलिएको छ । दुर्गन्ध फैलिएर बस्तीका मानिस बिरामी पर्न थालेकाले त्यसलाई नियन्त्रण गर्नुपर्ने स्थानीयको भनाइ छ ।

स्थानीयवासी अमरेन्द्र महतोका अनुसार ३५ भन्दा बढी घरपरिवार सङ्ख्या रहेको यस बस्तीमा अहिले प्रत्येक घरमा ज्वरोका बिरामी छन् । "दुर्गन्धले घरमा बस्न सक्ने अवस्था छैन । दूषित पानीले लाम्खुट्टेको सङ्ख्या पनि अत्यधिक बढेको र सो दूषित पानी खाएर चौपायाको मृत्यु भएको छ," उहाँले भन्नुभयो । दूषित पानी खाएर एउटा भैँसी र दुईवटा बाख्रा मरेको बताउँदै स्थानीयवासी अमरेन्द्रले प्रदूषित पानीको उचित व्यवस्थान गर्नका लागि डेरी प्रशासन र स्थानीय तहका जनप्रतिनिधिसमक्ष माग राख्दा पनि सुनुवाइ नभएको जानकारी दिनुभयो ।

अर्का स्थानीयवासी सिंहेश्वर यादवले दुर्गन्धका कारण खाना पनि नरुच्ने गरेको बताउनुभयो । "खाना खाँदा वान्ता होला जस्तो हुन्छ । लाम्खुट्टेले टोकेर त्यतिकै हैरान बनाउँछ । छिट्टै यसलाई नियन्त्रण गरेन भने दुग्ध डेरी घेराउ गर्छौं", उहाँले भन्नुभयो ।

जनकपुर दुग्ध वितरण आयोजना (डिडिसी) ढल्केवबका प्रमुख दिलीप चौधरीले डेरीबाट निस्किने पानीलाई व्यवस्थित गर्नतर्फ लागेको बताउनुभयो । यसअघि पनि पाइपलाइन गरेर व्यवस्थित गरिएको बताउँदै उहाँले खोलामा आएको बाढीले पाइप भत्काएपछि पानी जम्मा भएर दुर्गन्ध फैलिएको हुनसक्ने जानकारी दिनुभयो ।

# मधेश प्रदेशलाई माछा पर्यटनको रुपमा विकास गर्न माग

**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, महेन्द्रनगर**




नेपालमा उत्पादन भएको माछामध्ये मधेश प्रदेशमा ५० प्रतिशत माछाको उत्पादन भए पनि व्यवस्थित बजारीकरण नभएको गुनासो व्यवसायीहरूले गर्नुभएको छ ।

नेपालमा हाल वार्षिक रुपमा उत्पादन हुने गरेको १ लाख ४ हजार मेट्रिक टन माछामध्ये मधेश प्रदेशमा मात्र ५३ हजार मेट्रिक टन उत्पादन हुने गरेको छ । माछाको उत्पादन बढे पनि किसानहरुले लागत अनुसारको मूल्य नपाएको गुनासो व्यवसायीहरूको छ ।

जनकपुरधाममा आजदेखि शुरु भएको नेपाल फिसरिज टेक्निकल एशोसिएशनको राष्ट्रिय अधिवेशनमा माछा व्यवसायी संघका अध्यक्ष जङ्गबहादुर साहले मधेश प्रदेशलाई माछा पर्यटनका रुपमा विकास गर्न तीनै तहका सरकारसँग माग गर्नुभयो । उहाँले देशभरि नै जिउँदो माछाको माग बढेको र व्यवसायीक रूप ग्रहण गरेकोमा खुशी व्यक्त गर्दै पानीमा भएका अन्य जलचर जीवहरूको संरक्षणमा विशेष ध्यान दिन जरुरी रहेको बताउनुभयो ।


खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाई धनुषाका कार्यालय प्रमुख एवं वरिष्ठ मत्स्य विकास अधिकृत युगल किशोर तिवारीले मधेश प्रदेशमा नेपालको कूल उत्पादनको ६० प्रतिशत माछा उत्पादन भएपनि प्रदेशका कुनै पनि जिल्लामा मत्स्य विकास अधिकृत नहुनु चिन्ताको विषय भएको बताउनुभयो ।

दुई दिने राष्ट्रिय सम्मेलनमा नेपालको मत्स्य विकास तथा अनुसन्धानको कार्यमा संलग्न रहनु भएका विज्ञहरू, प्रविधिकहरु, व्यवसायीहरू माछाको उत्पादन तथा बजारीकरणको काममा सक्रिय रहनु भएका अगुवा किसानहरूको सहभागिता रहेको छ । कार्यक्रममा माछाको विकास तथा अनुसन्धान एवं उत्पादनमा सक्रिय रहनु भएकाहरूलाई दोसल्ला र प्रमाणपत्रसहित सम्मानित गरिएको थियो ।

**R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ**

शो शुरु हुने समय र फिल्म

१२-३, ३-६ र ७-१० बजे




**जाडोको समयमा चिसोबाट बचौं**


- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**

**ए.एस.डी. अफसेट प्रेस**

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा